नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

आज मिति २०८३/०१/११ गते मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बसन्त अधिकारीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ७ को दफा १६ बमोजिम देहायका महानुभावहरुको समुपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

<u>उपस्थिति:-</u>

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | श्री बसन्त अधिकारी | अध्यक्ष/प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | ९८५५०२७७७७ | |
| २. | हिदेश लामा | अध्यक्ष | भीमफेदी गा.पा. | ९८५५०३६८२६ | |
| ३. | दीपक कुमार दास | प्र.उ. | स्थानीय पूर्वाधार विकास आयोजना कार्या. मकवानपुर | ९८५५०१३५६६ | |
| ४. | हेम के. शर्मा | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय, मकवानपुर | ९८५५०११६६८ | |
| ५. | आशिष गिरी | नापी अधिकृत | नापी कार्यालय मकवानपुर | ९८५६१६५१७१ | |
| ६. | सन्दिप गिरी | इकाइ प्रमुख | शिक्षा विकास तथा समन्वय इकाइ | ९८५५०३०५०१ | |
| ७. | अश्विन पौडेल | इन्जिनियर | खानेपानी तथा सरसफाइ डिभिजन नं.१ हेटौंडा | ९८६०५५२१५८ | |
| ८. | विपिनराज वाग्ले | इन्जिनियर | डि.खा.पा.व्य.बो | ९८४९६२११२५ | |
| ९. | तेजराज अधिकारी | कोषाध्यक्ष मकवानपुर उद्योग वाणिज्य संघ | मकवानपुर उद्योग वाणिज्य संघ | ९८५१००७६८९ | |
| १०. | बालकृष्ण शर्मा अधिकारी | अध्यक्ष | नेपाल पत्रकार महासंघ मकवानपुर | 98550 70820 | |
| ११. | हिम प्र० पौडेल | शाखा प्रमुख विपद व्यवस्थापन | हे.उ.म.न.पा. का. | 9843028221 | |
| १२. | वीरबहादुर गलात (ज्वाला) | नेपाली कांग्रेस मकवानपुर | नेकपा | 98454868[illegible] | |
| १३. | यादव खुवेदी | इन्जिनियर | सडक डिभिजन हेटौंडा | 9855075311 | |
| १४. | दिनेश पोखरेल | इन्जिनियर | जलस्रोत तथा सिंचाइ वि.डि.का. मकवानपुर | 9855020884 | |
| १५. | प्रकाशचन्द्र रावाली | नि. प्रादेशिक प्रबन्धक | खाद्य सामग्री कं. लि. | ९८४६०६९२५६ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १६. | मधुसुदन अधिकारी | कार्यालय प्रमुख | पावर ट्रेडिङ कर्पोरेसन लिमिटेड | 9845061152 | |
| १७. | किशोर अधीन | जिल्ला सल्लाहकार | राष्ट्रिय स्वतन्त्र पार्टी | 9855056364 | |
| १८. | किशोर वर्तौला | ने.क.पा. के.स. | | 9845061659 | |
| १९. | विष्णु ब. बिष्ट | थाहा न.पा. प्रमुख | थाहा | 9842236625 | |
| २०. | डी. पि. तामाङ | मकवानपुरगढी गाउँपालिका अध्यक्ष | मकवानपुरगढी गाउँपालिका | 9844859010 | |
| २१. | रुपक लामा | अध्यक्ष | ज.स.पा. नेपाल | 9855066185 | |
| २२. | आर. आर. शर्मा | जनमत पार्टी | [illegible] | | |
| २३. | देवेन्द्र लाल कारंजीत | तथ्यांक समन्वय अधिकारी | तथ्यांक समन्वय अधिकारी | 9841234522 | |
| २४. | सर्वेश घलान | अध्यक्ष | बागमती प्र.पा. | 9855072072 | |
| २५. | भवसागर श्रेष्ठ | प्रतिनिधि | नेपाली कांग्रेस | 9845069500 | |
| २६. | लोक ब. मुक्तान | कैलाश गा.पा. अध्यक्ष | कैलाश | | |
| २७. | ललित घलान | प्रमुख | जि.वि.नि. मकवानपुर | 9855069839 | |
| २८. | श्रीराम अर्जुन | सम्पादक | विद्याभवन | 98452[illegible] | |
| २९. | विवेक खिंतन | रेडियो स्टेशन म्यानेजर | रेडियो कुरकुरे | 9841562345 | |
| ३०. | निरज पौडेल | प्र.प्र.अ. | थाहा न.पा. | | |
| ३१. | डा. सृष्टि श्रेष्ठ | आयुर्वेद चिकित्सक | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुर | 9845099844 | |
| ३२. | किरण श्रेष्ठ | जनस्वास्थ्य प्रशासक | जनस्वास्थ्य कार्यालय | 9845069304 | |
| ३३. | बन्ताम सिंह | उपाध्यक्ष | राक्सिराङ गा.पा. | 9845096820 | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| क.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| ३४ | चेतनाथ न्यौपाने | प्र.प्र.अ. | भीमफेदी गा.पा. | 9855088566 | [signature] |
| ३५. | अर्जुन प्र. पाठक | स्वतन्त्र संयोजक मकवानपुर | नेकपा.नै.पा. १० | ९८६९४८२६२४ | [signature] |
| ३६. | सुमित्रा काफ्ले | मन्त्री | नेरेसो, मकवानपुर | ९८४४०६०६६४ | [signature] |
| ३७. | रविन खड्का | प्र.प्र.नि. | स.प्र.बल नेपाल नं. १४ गण | ९८४२८५०४६४ | [signature] |
| ३८. | धिरज राज कार्की | सेनानी | श्री गोरख बहादुर गण | ९८५१२२२०८८ | [signature] |
| ३९. | निरज कुमार खड्का | मध्यम प्रहरी उपरीक्षक | स.प्र.बल नेपाल नं. १४ गण है.मुका | ९८५१२६२३८५ | [signature] |
| ४० | श्याम बहादुर खत्री | प्रहरी उपरीक्षक | जि.प्र.का. मकवानपुर | ९८४५०४५५५५ | [signature] |
| ४१. | सुजन भण्डारी | कार्यालय प्रमुख | पूर्वाधार विकास कार्यालय, मकवानपुर | ९८४५०८४६५५ | [signature] |
| ४२ | डा. राम प्रकाश प्रधान | का. प्रमुख | पशु सेवा कार्यालय | 9855070728 | [signature] |
| ४३ | शिवहरि डाहाल | नेकपा एमाले पार्टी प्रतिनिधि | नेकपा एमाले | ९८४५०६२५५८ | [signature] |
| ४४ | सुरेश अधिकारी | अधिकृत | इलाका प्रशासन का. | ९८४१४२८१३१ | [signature] |
| ४५ | मिना कु. लामा | नगर प्रमुख | हे.उ.म.न.पा | ९८५५०२८५८३ | [signature] |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

## मिति २०८३-०१-११ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति बैठकको निर्णयहरू:-

१. श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंको च.नं. १३४८, मिति २०८२-१२-२६ को पत्रानुसार विपद् पूर्वतयारीका लागि सम्बद्ध निकायहरूले देहायबमोजिमका कार्यहरू सम्पादन गर्ने/गराउने । साथै, सम्पादित क्रियाकलापहरूको प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिमा पेश समेत गर्ने ।

- **स्थानीय तह (गाउँपालिका/नगरपालिका)**
    - आफ्नो क्षेत्र भीत्र खुला स्थान, आश्रयस्थल, हेलिप्याड रहने क्षेत्र तथा दमकल र एम्बुलेन्सको Geo-location सहित स्रोत म्यापिङ गरी विपद् पोर्टलमा अद्यावधिक गर्ने।
    - स्थानीय विपद व्वयस्थापन समिति मातहत रहेका उद्धार सामग्री तथा स्वयंसेवक (VMS) सम्बन्धी विवरण १० दिनभित्र पोर्टलमा प्रविष्ट गर्ने।
    - बस्तीका ढल सफा गर्ने, खोलानालामा थुप्रिएको गेग्रान हटाउने तथा पानी निकास प्रणाली सुचारु गर्ने कार्य १५ दिनभित्र सम्पन्न गर्ने गराउने।
    - विद्यालयमार्फत पूर्वसूचना प्रवाह गर्ने तथा प्रभावकारी रूपमा Mock Drill (कृत्रिम अभ्यास) सञ्चालन गर्ने।

- **स्थानीय तह र सुरक्षा निकाय (संयुक्त भूमिका)**
    - आकस्मिक नम्बरहरू (१००, १०३, ११११४ र ११४९) उल्लेख गरिएका सूचना बोर्डहरू सार्वजनिक स्थानमा राखी व्यापक प्रचार–प्रसार गर्ने।
    - सडक अवरुद्ध भई यात्रु अलपत्र पर्न सक्ने स्थानको पहिचान गरी सो अवस्थाका लागि तत्काल उद्धार तथा राहत व्यवस्थापनसम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्ने।
    - जोखिमयुक्त सडक खण्ड नजिक सुरक्षित हेलिकप्टर अवतरण स्थल पहिचान गरी त्यसको Geo-location विवरण १५ दिनभित्र अद्यावधिक गर्ने ।
    - सडक बाहेकका अन्य जोखिम यूक्त स्थानको पहिचान गरी ती स्थानवाट विपद् पूर्व नै धनजनको सुरक्षाको प्रबन्ध गर्ने ।
- **स्थानीय तह, नागरिक समाज तथा सञ्चार जगत्**
    - स्थानीय समुदायसँग सहकार्य गरी विपद् जोखिम न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
    - जनस्तरमा पूर्वसूचना, सचेतना तथा आपत्कालीन व्यवहारसम्बन्धी जानकारी प्रभावकारी रूपमा प्रवाह गर्ने।

२. श्री भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भीमफेदीको च.नं. १७२८, मिति २०८३-०१-०९ को पत्रबाट "यस वर्षको मनसुनजन्य विपद्लाई मध्नजर गरी यस भीमफेदी गाउँपालिका अन्तर्गतका क्षेत्रभित्र रहेका देहायका नदी, खोला र खहरे खोलामा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी तथा माटोजन्य पदार्थ थुप्रिन गई सो कारणले त्यस क्षेत्रका बस्ती तथा भौतिक संरचनाहरूमा उच्च जोखिम रहेकोले उक्त क्षेत्रको नदीजन्य पदार्थ व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रका स्थानीय तथा वडा समितिबाट अनुरोध भई आएको हुँदा सो सम्बन्धमा यस कार्यालयका प्राविधिक कर्मचारीहरूबाट पुनः नापजाँचबाट देखिएको र जिल्ला विपद् व्यवस्थापन समिति, मकवानपुरको प्राविधिक प्रतिवेदनले गत वर्ष यकिन गरेको परिणाम देहाय बमोजिमको नदीजन्य पदार्थ सो क्षेत्रबाट

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

हटाउन वा व्यवस्थापनको लागि यस भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८३-०१-०८ गतेको बैठकबाट जिल्ला विपद् व्यवस्थापन समिति, मकवानपुरलाई लेखी पठाउने निर्णय भएकोले आवश्यक निर्णयको लागि सो सँग सम्बन्धित कागजातहरू समेत संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ" भनी स्थानीय विपद व्यवस्थापन समिति र गाँउ कार्यपालिकाको निर्णय सहित लेखी आएको सन्दर्भमा देहायको शर्तहरू पालना गर्ने गरी देहायको स्थानबाट देहायको परिमाणमा नदीजन्य पदार्थ व्यवस्थापन गर्ने ।

**शर्तहरू:-**

क. व्यवस्थापन गर्नुपर्ने नदीजन्य पदार्थको सम्बन्धमा भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय नै जवाफदेही र जिम्मेवार रहने गरी प्रचलित कानून, विधी, प्रक्रिया एवं मापदण्ड बमोजिम स्थानीय तहबाट सम्पन्न गरी सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने।

ख. व्यवस्थापन गरिएको नदीजन्य पदार्थको अनुगमन/निरीक्षण ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को दफा ९ को उपदफा (१) बमोजिमको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिले गर्ने।

**व्यवस्थापन गर्नुपर्ने नदीजन्य पदार्थको विवरण र सो व्यवस्थापन गर्नुपर्ने कारण**

| क्र.सं. | नदीजन्य पदार्थ व्यबस्थापन गर्नुपर्ने क्षेत्र | औसत लम्बाई(मि.) | परिमाण(घ.मि.) | व्यबस्थापन गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| १. | कान्ति लोकपथ बागमती पुल क्षेत्र भीमफेदी – ८ (Upstream of River From Baagmaati Bridge) | २३४.०० | ७३०८.५४४४ | खोलाको सतह बढेर पुल जोखिममा परेकोले Depositeहटाउने। | भीमफेदी गाउँपालिकाका प्राविधिकद्धारा पुन नापचाँच पश्चात एकिन भएको परिमाण |
| २. | कान्ति लोकपथ वागमती पुल आसपासका क्षेत्र भीमफेदी-८ (Downstream of River From Baagmaati Bridge) | १९८.०० | ४७२७.४४१९ | वागमती पुलको Upstream र downstream को सतह मिलाई deposite निकाल्ने। | |
| ३. | माण्डु हाईड्रोपावर क्षेत्र, भीमफेदी-८ (Downstream From Mandu Hydropower House) | २५६.०० | २९०४५.३४३ | माण्डु हाईड्रोपावर पावर हाउसको Upstream र downstream कोLevel मिलाउन पर्ने हुँदा deposite हटाउने । | |
| ४. | टौवास पारीको क्षेत्र भीमफेदी-१ | २००.०० | ३०००.०० | होटल र बस्तीतिर कटान हुने जोखिम रहेकोले deposit हटाउने। | मिति २०८२/०१/०४ गते जिल्ला विपद व्यवस्थापन समिति मार्फत एकिन गरिएको परिणाम |
| ५. | चिउरी बगैचा रानीखोला साधीकुना क्षेत्र, भीमफेदी-३ र ४(Downstream of suspension Bridge) | १५०.०० | ३०००.०० | चिउरी बगैचा पार्क जोखिम रहेकोले chanelize हटाउने । | |
| ६. | चिउरी बगैचा रानीखोला साधीकुना क्षेत्र, भीमफेदी-३ र ४ | १५०.०० | ४५००.०० | फुटबल रंगशाला जोखिममा रहेकोले channelize गरी deposit निकाल्ने । | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

३. श्री हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडाको च.नं. ५०७०, मिति २०८३-०१-११ को पत्रबाट हेटौडा उपमहानगरपालिकाको विभिन्न वडाहरूमा वस्ती तथा खोला खहरे एकै सतहमा रहेकोले मानव वस्ती, पुल, खेतीयोग्य जमीन तथा भौतिक पूर्वाधारहरू समेत जोखिममा परेको हुँदा २०८१-१२-२८ गतेको नगर विपद् व्यवस्थापन समितिको बैठक तथा मिति २०८१-१२-२९ गते उपमहानगरपालिकाको कार्यपालिकाको बैठकबाट जिल्ला विपद् व्यवस्थापन समितिमा उक्त नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन सहमतिको लागि माग गरिएकोमा जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरको मिति २०८२-०१-०४ र २०८२-०१-३१ को निर्णय बमोजिम जम्मा १,८७,२२१ घ.मि. सहमति प्राप्त भएकोमा सो कार्य समयावधि कम भएको कारण जम्मा १,५३,६०७.६३ घ.मि. मात्र उत्खनन् तथा व्यवस्थापन गर्न सकिएकोले मिति २०८३-०१-०३ गते उपमहानगरपालिकाको नगर विपद् व्यवस्थापन समितिबाट उत्खनन् हुन नसकेको क्षेत्रमा यस वर्ष पनि विपद् जोखिम हुने देखिएकोले उत्खनन् हुन नकसेको बाँकी परिमाण जम्मा ४३,१७६.३६ घ.मि. नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापनका लागि सहमति माग गर्ने निर्णय भएकोले यसै पत्रसाथ संलग्न क्षेत्र र परिमाणको नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापनका लागि कार्यपालिकाको निर्णय र नगर विपद् व्यवस्थापन समितिको निर्णय समेत संलग्न राखी सो कार्यालयवाट अनुरोध भई आएको सन्दर्भमा देहायको शर्तहरू पालना गर्ने गरी देहायको स्थानबाट देहायको परिमाणमा नदीजन्य पदार्थ व्यवस्थापन गर्ने ।

**शर्तहरू:-**

क. व्यवस्थापन गर्नुपर्ने नदीजन्य पदार्थको सम्बन्धमा हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय नै जवाफदेही र जिम्मेवार रहने गरी प्रचलित कानून, विधी, प्रक्रिया एवं मापदण्ड बमोजिम स्थानीय तहबाट सम्पन्न गरी सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने।

ख. व्यवस्थापन गरिएको नदीजन्य पदार्थको अनुगमन/निरीक्षण ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को दफा ९ को उपदफा (१) बमोजिमको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिले गर्ने।

**व्यवस्थापन गर्नुपर्ने नदीजन्य पदार्थको विवरण**

| S.No. | Location/Area | Length (m) | Average Breadth (m) | Average Height (m) | Volume (cu.m) | चारकिल्ला | | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Ward no.11 Rapti Bridge(viral bridge) Upstream | 375.00 | 50.00 | 1.00 | 18750.00 | पुर्व | माथिल्लो तटीय | Approach road बगाएको, खोला abutment पट्टि च्यापिएको र खोला channelized गर्नुपर्ने |
| | | | | | | पश्चिम | तल्लो तटीय | |
| | | | | | | उत्तर | नवलपुर | |
| | | | | | | दक्षिण | आलदमार | |
| 2 | Ward no.11 Rapti Bridge(viral bridge) Downstream-part 2 | 149.00 | 62.40 | 1.00 | 9297.60 | पुर्व | माथिल्लो तटीय | छेउबाट खोला गएकोले बीचमा channelized गर्नु पर्ने |
| | | | | | | पश्चिम | तल्लो तटीय | |
| | | | | | | उत्तर | नवलपुर | |
| | | | | | | दक्षिण | आलदमार | |
| 3 | | 110.00 | 41.68 | 1.00 | 4584.80 | पुर्व | हेटौडा अस्पताल क्षेत्र | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Upstream Rapti Bridge(Behind Hetauda Hospital) | | | | | पश्चिम<br>उत्तर<br>दक्षिण | वन क्षेत्र(भैरव डाडा)<br>माथिल्लो तटीय<br>तल्लो तटीय | खोलालेदाहिनेबाट तेस्रो पायरको राफ्टसम्म scour गरेको हुदा पानी बग्ने भाग बढाउन Deposition निकाल्नु पर्ने |
| 4 | Bhalu khola ward no. 18 | 103.70 | 12.00 | 1.00 | 1244.40 | पुर्व<br>पश्चिम<br>उत्तर<br>दक्षिण | तल्लो तटीय<br>माथिल्लो तटीय<br>जीवन मार्ग मण्डली<br>चुरे वन क्षेत्र | बस्ती सतहभन्दा खहरे माथि आएको |
| 5 | Ghatte Khola Ward no. 18 | 15.00 | 25.00 | 0.63 | 236.25 | पुर्व<br>पश्चिम<br>उत्तर<br>दक्षिण | माथिल्लो तटीय<br>तल्लो तटीय<br>चुरे वन क्षेत्र<br>चुरे वन क्षेत्र | सिंचाईको सरचनामा क्षति पुर्याई बस्तीमा खोलाले असर गर्न सक्ने |
| 6 | Bunge Ward no. 17/18 simana khahare to upstream and downstream | 75.00 | 25.00 | 0.80 | 1500.00 | पुर्व<br>पश्चिम<br>उत्तर<br>दक्षिण | चुरे वन क्षेत्र<br>बस्ती क्षेत्र<br>माथिल्लो तटीय<br>तल्लो तटीय | बस्ती बचाउन अति आवश्यक रहेको |
| 7 | Lamokhahare Upstream ward no. 17 | 210.00 | 25.00 | 0.95 | 4987.50 | पुर्व<br>पश्चिम<br>उत्तर<br>दक्षिण | वन क्षेत्र<br>वन क्षेत्र<br>माथिल्लो तटीय<br>तल्लो तटीय | बस्ती सतहभन्दा खहरे माथी आएको |
| 8 | Cottage North ward no. 17 | 150.00 | 25.63 | 0.67 | 2575.81 | पुर्व<br>पश्चिम<br>उत्तर<br>दक्षिण | स्कुल<br>मन्दिर<br>माथिल्लो तटीय<br>तल्लो तटीय | बस्ती बचाउको लागि |
| | **Total Volume** | | | | **43176.36** | | | |

४. श्री राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय, हेटौडा, मकवानपुरको च.नं. ५५१, मिति २०८२/०८/२१ को पत्रबाट हेटौडा उपमहानगरपालिका वडा नं. ८, कमाने स्थित कि.नं. ९३४१ को ०-४-८ (चार कठ्ठा आठ धुर) जग्गा "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९" बमोजिम भवन निर्माण तथा कार्यालय व्यवस्थापनका लागि लिजमा उपलब्ध गराउन सिफारिस भई आएको र उक्त जग्गा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको दृष्टिकोणबाट विपद् व्यवस्थापन

कार्यका लागि आवश्यक नपर्ने भनी सिफारिस गरिदिन अनुरोध गरिएको सन्दर्भमा, मिति २०८२/०६/२७ को हेटौडा उपमहानगरपालिका नगर विपद् व्यवस्थापन समितिको बैठकबाट "उक्त जग्गा राष्ट्रिय परीक्षा बोर्डलाई भवन निर्माणका लागि उपलब्ध गराउँदा विपद्जन्य दृष्टिले कुनै उल्लेखनीय समस्या नरहेको तथा हेटौडा उपमहानगरपालिकालाई समेत आवश्यक नपर्ने" भनी निर्णय भएको व्यहोरा समेतलाई दृष्टिगत गर्दै, जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरका जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तहका इन्जिनियर तथा पूर्वाधार विकास कार्यालयका अधिकृत प्रतिनिधि सदस्य रहेको स्थलगत अध्ययन तथा प्रतिवेदन समितिबाट गरिएको अध्ययन अनुसार उक्त जग्गा विपद्का दृष्टिकोणले गम्भीर जोखिमयुक्त नरहेको र भविष्यमा जिल्ला विपद् व्यवस्थापन समितिका लागि आवश्यक समेत नपर्ने निष्कर्ष प्राप्त भएकाले "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९" को दफा ८ र ९ बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा पत्राचार गर्ने।

५. श्री प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौडाको च.नं. ६०६, मिति २०८३-०१-१० को पत्रबाट हेटौडा उपमहानगरपालिका वडा नं. ८ स्थित नगर विकास समिति हेटौडाको स्वामित्वमा रहेको हाल पशु सेवा केन्द्र कमाने, हेटौडा-८ को परिसर भन्दा पश्चिम तर्फको खाली जग्गा पूर्वमा पशु सेवा कार्यालय, पश्चिममा समितिको जग्गा उत्तर तर्फ बाटो र दक्षिण तर्फ समितिकै जग्गा रहेको चार किल्ला क्षेत्रभित्रको कि.नं. १९३४१ को ज.वि. १७-१२-९ जग्गा मध्येबमट ०-२-० जग्गा प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद्लाई लिजलमा उपलब्ध गराउने भनी नगर विकास समिति हेटौडाको मिति २०८२-११-२८ गतेको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ६ बमोजिमको प्रकृयाको लागि प्रदेश प्रावधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्लाई लिजमा उपलब्ध गराउने गरी प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने मिति २०८२-१२-२६ गतेको हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको निर्णय भई सिफारिस समेत भइसकेको हुँदा उक्त जग्गाको आवश्यक प्रक्रिया अगाडि बढाइदिनुहुन अनुरोध भई आएको र मिति २०८३/०१/०३ को हेटौडा उपमहानगरपालिका नगर विपद् व्यवस्थापन समितिको बैठकबाट उक्त जग्गा विपद् व्यवस्थापनका हिसाबले खतराजन्य नभएको र हाललाई सो जग्गा हेटौडा उपमहानगरपालिकालाई विपद् व्यवस्थापन कार्यका लागि आवश्यक नभएको भनी निर्णय समेत भएको हुँदा उल्लेखित जग्गा विपद्का दृष्टिकोणले जोखिमयुक्त नरहेको र भविष्यमा जिल्ला विपद् व्यवस्थापन समितिका लागि आवश्यक समेत नपर्ने हुँदा "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९" को दफा ८ र ९ बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा पत्राचार गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

६. आगामी मनसुनजन्य विपद् को सम्भावित जोखिमलाई मध्यनजर गर्दै 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य आपत्कालीन कार्ययोजना–२०८३' अद्यावधिक तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रयोजनका लागि विपद् व्यवस्थापन अन्तर्गतका ९ वटै क्लष्टरका नेतृत्वदायी कार्यालयहरूले सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय बैठक आयोजना गरी आफ्नो क्लष्टरसँग सम्बन्धित पूर्वतयारी तथा प्रतिकार्य योजना बैशाख मसान्तभित्र तयार गर्ने र सो योजनामा आफ्नो कार्यक्षेत्रको कार्य कसले कसरी कहिले गर्ने भन्ने विषयको स्पष्ट खाका तयार पार्ने तथा तयार पारिएका क्लष्टरगत योजनाहरू जिल्ला विपद व्यवस्थापन समितिमा पेश गर्ने र ती योजनाहरूलाई एकीकृत गरी आगामी बैठकमा पेश गर्ने ।

| सि.नं. | क्लष्टर (Cluster) | नेतृत्व/सम्बद्ध निकाय | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| १ | खोज, उद्धार र समन्वय | जिल्ला प्रशासन कार्यालय/ जिल्ला सुरक्षा समिति, रेडक्रस, अस्पताल, जिसस , नागरिक समाज आदि । | सूचना संकलन, टोली परिचालन र प्रतिकार्य समन्वय।<br>• खोज, उद्धार योजना बनाउने<br>• खोज तथा उद्धारका लागि आवश्यक सामाग्री व्यवस्था गर्ने<br>• तालिम प्राप्त व्यक्ति तथा विज्ञको रोष्टर बनाउने<br>• तत्काल आश्रय स्थल पहिचान गर्ने<br>• निकायगत समन्वयलाई प्रभावकारी बनाउने । |
| २ | स्वास्थ्य तथा पोषण | जिल्ला जनस्वास्थ्य कार्यालय/ स्थानीय तहको स्वास्थ्य शाखा र सामाजिक शाखा, गैसस महासंघ, युनिसेफ आदी । | • घाइते तथा बिरामीको उपचार र व्यवस्थापन<br>• औषधि, स्वास्थ्यकर्मी र उपकरणको व्यवस्था<br>• महामारी तथा रोगको निगरानी र नियन्त्रण<br>• मानसिक स्वास्थ्य सेवा सञ्चालन |
| ३ | खानेपानी र सरसफाइ | खानेपानी तथा सरसफाइ डिभिजन/ खानेपानी बोर्ड, जिल्ला स्वास्थ्य कार्यालय, गैसस महासंघ, युनिसेफ आदी | • सुरक्षित खानेपानीको व्यवस्था<br>• अस्थायी शौचालय, सरसफाइ सामग्री वितरण<br>• सरसफाइ तथा स्वच्छता सम्बन्धी जनचेतना<br>• पानीजन्य रोग रोकथाम |
| ४ | खाद्य सुरक्षा र कृषि | पशु सेवा कार्यालय/ कृषि विकास कार्यालय, खाध्ध संस्थान, उधोग वाणिज्य महासंघ, उधोग संघ, नेपाल रेडक्रस, गैसस महासंघ आदी । | खाद्य भण्डारण, राहत र कृषि-पशु क्षति व्यवस्थापन।<br>• खाद्यान्न आपूर्ति र वितरण<br>• प्रभावित परिवारको खाद्य अवस्था मूल्याङ्कन<br>• आपतकालीन खाद्य सहायता कार्यक्रम<br>• कृषिको पुनर्स्थापना (बीउ, मल, पशु सहयोग)<br>• पशुधनको सुरक्षा । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| | | | |
|---|---|---|---|
| ५ | शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | अस्थायी कक्षा सञ्चालन र शैक्षिक सामग्री वितरण।<br>• अस्थायी सिकाइ केन्द्र सञ्चालन<br>• विद्यार्थीलाई शैक्षिक सामग्री उपलब्ध गराउने<br>• विद्यालय पुनः सञ्चालनमा सहयोग<br>• बालमैत्री वातावरण सिर्जना |
| ६ | संरक्षण (Protection) | जिसस /स्थानीय तहको सामाजिक शाखाहरु, जिल्ला सुरक्षा समितिका प्रतिनिधी नेपाल रेडक्रस, नीजि क्षेत्र, नागरिक समाज आदी । | जोखिम समूहको सुरक्षा र मनोसामाजिक परामर्श।<br>• महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गताको सुरक्षा<br>• हिंसा, दुर्व्यवहार र शोषणबाट जोगाउने उपाय<br>• लैङ्गिक हिंसा (GBV) रोकथाम र प्रतिक्रिया<br>• बाल संरक्षण सेवा |
| ७ | बन्दोबस्ती र आश्रय | जिसस/ स्थानीय तह, जिल्ला सुरक्षा समिति, नेपाल रेडक्रस, नीजि क्षेत्र, नागरिक समाज आदी। | पाल/टेन्ट व्यवस्थापन र राहत सामग्रीको ढुवानी।<br>• अस्थायी आवास (टेन्ट, त्रिपाल) व्यवस्था<br>• घर पुनर्निर्माण/मर्मतमा सहयोग<br>• सुरक्षित बसोबास स्थानको पहिचान |
| ८ | सञ्चार र सूचना प्रविधि | नेपाल टेलिकम/ ईन्टरनेट सेवा प्रदायक संस्था, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, आईटी विज्ञहरु आदी । | टेलिफोन, इन्टरनेट सेवा सुचारु र सूचना प्रवाह।<br>• सञ्चार सेवा पुनःस्थापना<br>• आपतकालीन सूचना प्रणाली सञ्चालन<br>• रेडियो/इन्टरनेट/फोन नेटवर्क समन्वय<br>• सूचना आदानप्रदान सहज बनाउने |
| ९ | भौतिक पूर्वाधार र ऊर्जा | डिभिजन सडक कार्यालय/ पूर्वाधार कार्यालय, शहरी विकास कार्यालय, जलस्रोत तथा उर्जा सम्वन्धी कार्यालय, नेपाल विद्युत प्राधिकरण र सिँचाइ कार्यालय आदी । | अवरुद्ध सडक, पुल र विद्युत सेवाको मर्मत र सुचारु गर्ने।<br>• हेभि मेशिनरी साधनको अवस्था एकन गर्ने<br>• मेशिनरी साधन कहां राख्नु पर्ने हो एकिन गर्ने<br>• निकायगत QRT तयार पार्ने<br>• तत्काल कार्य गर्ने रणनिति तयार पार्ने<br>• निकायगत समन्वय । |